अजिरकोट गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ७ संख्याः १८ मितिः २०८०/१०/२९

## भाग- २

## अजिरकोट गाउँपालिका

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम अजिरकोट गाउँपालिकाले अजिरकोट गाउँपालिकाको घाँसको नर्सरी संचालन र स्थापना कार्यविधि, २०८० वनाई सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरेको छ ।

# घाँसको नर्सरी संचालन/स्थापना

# कार्यविधि, २०८०

**गाउँपालिका स्वीकृत मिति २०८०।१०।२८**

**प्रमाणिकरण मिति २०८०।१०।२८**

**अजिरकोट गाउँपालिका**
**गाउँकार्यपालिकाको कार्यालय**
**भच्चेक, गोरखा**
**गण्डकी प्रदेश, नेपाल**

अजिरकोट गाउँ कार्यपालिकाबाट मिति २०८० माघ २८ गते स्वीकृत भएको यस अनुसारको अजिरकोट गाउँपालिकाको घाँसको नर्सरी संचालन र स्थापना कार्यविधि, २०८० अजिरकोट गाउँ कार्यपालिकाको निर्णय वा आदेश र अधिकार पत्रको प्रमाणिकरण (कार्यविधि) नियमावली २०७४ को नियम ४ (१) बमोजिम प्रमाणिकरण गर्दछु ।

नवराज अवस्थी
प्रमुख प्रशासकीय अधिकृत

मिति २०८०।१०।२९

# घाँसको नर्सरी संचालन/स्थापना कार्यविधि, २०८०

**प्रमाणिकरण र प्रकाशित मिति २०८०।१०।२८**

**पृष्ठभूमिः**

दिन प्रति दिन बढ्दै गइरहेको बिरोजगारीका कारण हरेक दिन युवा जनशक्ति विदेश पलायन हुनबाट रोकी पालिकामै स्वरोजगार व्यवस्थापन गर्ने अजिरकोट गाउँपालिकाको लक्ष्य अनुरुप यस अजिरकोट गाउँपालिकामा दिन प्रतिदिन पशु पालन व्यावसायमा युवाहरुको चासो बढ्दै गइरहेको छ । आधुनिक तवरले पशु पालनमा समर्पित युवाहरुको चासोलाई मध्यनजर गर्दै पशु पालनमा लाग्ने खर्चको हिसाब गरि उत्पादन लागत घटाउन नितान्त आवस्यक रहेको अवस्थामा बाहिरबाट आयात गरिने दाना, घाँस लगाएतको कच्चा पदार्थबाट कृषकको उत्पादन खर्च बढी भई व्यावसाय घाटामा जाने सम्भावना बढी भएको हुँदा अजिरकोट गाउँपालिकामा नै बृहत रुपमा घाँस खेतिको लागि आवश्यक विउ/बेर्ना/सेट्स उत्पादन गर्न "**अजिरकोट गाउँपालिका** स्थानीय सरकार संचालन ऐन को दफा १०२ को बमोजिम अजिरकोट गाउँपालिकाले अजिरकोट गाउँपालिकामा **घाँसको नर्सरी संचालन/स्थापना कार्यविधि, २०८०**" तयार गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भः**

क) यस कार्यविधिको नाम "घाँसको नर्सरी संचालन कार्यविधि, २०८०" रहेको छ ।

ख) यो कार्यविधि अजिरकोट गाउँपालिका, गाउँकार्यपालिकाको बैठकले स्वीकृत गरेको मिति देखि लागु हुनेछ।

ग) यो कार्यविधि अजिरकोट गाउँपालिका भित्र लागु हुनेछ ।

## परिच्छेद २
## परिभाषा

**२. परिभाषा** : विषय र प्रसंगले अर्कोअर्थ नलागेमा यस कार्यविधिमा,

क) "गाउँपालिका" भन्नाले अजिरकोट गाउँपालिका सम्झनु पर्दछ ।

ख) "कार्यालय" भन्नाले अजिरकोट गाउँपालिकाको कार्यालय सम्झनु पर्दछ ।

ग) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले अजिरकोट गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाइ सम्झनु पर्दछ ।

घ) "शाखा प्रमुख" भन्नाले अजिरकोट गाउँपालिका, गाउँकार्यपालिकाको कार्यलयको सम्बन्धित शाखाको प्रमुख लाइ सम्झनु पर्दछ ।

ङ) "समिति" भन्नाले छनोट समिति भन्ने बुझ्नु पर्दछ ।

च) "कार्यविधि" भन्नाले घाँसको नर्सरी संचालन कार्यविधि, २०८० सम्झनु पर्दछ ।

## परिच्छेद ३
## उद्देश्यहरु

**३. उद्देश्यहरु**

क) गाउँपालिकाको मुख्य शक्तिको रुपमा रहेको युवा जनशक्तिलाइ नगरमै स्वरोजगार श्रृजना गर्ने ।

ख) पशुपालनमा लाग्ने उत्पादन लागत कम गर्दै लाने ।

ग) कृषकको जीवनस्तर उकास्दै लाने ।

## परिच्छेद ४
## छनौट प्रक्रिया

**४) कार्यक्रमको लागि क्षेत्रहरु छनौटका आधारहरुः**

घाँसको नर्सरी संचालन कार्यक्रम संचालन गर्नका लागि उपयुक्त भूगोलमा कार्यक्रम संचालन गर्न सकिने छ

**५) कार्यक्रमको अवधिः**

यो कार्यक्रमको अवधि अजिरकोट गाउँपालिका गाउँकार्यपालिकाको निर्णय अनुसार हुनेछर आवस्यकता अनुसार संसोधन तथा थप विस्तार गर्दै लान सकिनेछ

**६) छनोट समिति गठनः**

(क). अजिरकोट गाउँपालिका अध्यक्ष वा नीजले तोकेको पदाधिकारी - संयोजक

(ख) अजिरकोट गाउँपालिका प्रमुख प्रशासकिय अधिकृत -सदस्य

(ग) अजिरकोट गाउँपालिका आर्थिक विकास समिति संयोजक - सदस्य

(घ) अजिरकोट गाउँपालिका योजना तथा अनुगमन शाखाको प्रमुख -सदस्य

(ङ) अजिरकोट गाउँपालिका प्राविधिक शाखा प्रमुख वा निजले तोकेको व्यक्ति - सदस्य

(च) अजिरकोट गाउँपालिका पशु विकास शाखा प्रमुख -सदस्य सचिव

**७) छनौट समितिको काम कर्तब्य र अधिकार :** छनौट समितिको काम कर्तब्य र अधिकार देहाय बमोजिमको हुनेछ,

क) प्रकाशित सुचना अनुसार प्राप्त निवेदनका आधारमा लाभग्राहिको प्राथमिकीकरण गर्ने,

ख) लाभ ग्राहिको छनौट गर्ने,

ग) कार्यक्रम सम्झौता गरि कार्यान्वयनको चरणमा लैजाने,

घ) समितिको बैठक सम्बन्धि प्रावधान समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**८) कार्यक्रम संचालनका लागि साझेदारको छनौट प्रक्रियाः**

क) कार्यलयले अनुसूची-१ बमोजिमको प्रस्ताव आह्वान गर्नेछ

ख) कार्यक्रममा सहभागी हुन् इच्छुक व्यक्ति/नर्सरी फर्महरू/संस्था/समुहहरुले अनुसूची-३

१. अनुसारको सन्क्षिप्त कार्ययोजना बनाई सम्बन्धित कार्यलयमा अनुसूची-२ अनुसारको निवेदन दर्ता गर्नु पर्नेछ

ग) रित पुर्वक पेश हुन आएका आवेदकहरुको आधारमा सम्बन्धित शाखाको अनुगमन प्रतिवेदनको आधारमा छनौट समितिले प्राथमिकीकरण गर्नेछ

ङ) समितिमा प्राप्त निवेदन उपर छलफल गरि समितिले कार्यक्रमको लागि लाभग्राही छनौट गर्नेछ

## परिच्छेद ५
## कार्यक्रम संचालन

### ७. संचालन विधि

क) आवेदन पेश गर्नको लागि कम्तिमा ७ दिनको सार्वजनिक सुचना प्रकाशन गरिनेछ ।

ख) कार्यलय र छनौट भएका साझेदार/समुह/नर्सरी फर्म/कृषक बीच अनुसूची- ४ अनुसार सम्झौता गरि कार्यक्रम संचालन गरिनेछ ।

ग) कार्यलयले साझेदार/समुह/नर्सरी फर्म/कृषक बाट पेस भएको प्रस्तावित कार्यक्रम तथा बजेट छनोट समितिको बैठकबाट अन्तिम रुप विनियोजित रकमको आधारमा अनुदान स्वीकृत गर्ने ।

घ) सम्बन्धित साझेदार व्यक्ति/समुह/नर्सरी फर्म/कृषक को नाममा अजिरकोट गाउँपालिकाबाट स्वीकृत प्राप्त नजिकको बैंकमा खाता खोल्नु पर्नेछ र सोहि खातामा अनुदान रकम जम्मा गर्नु पर्नेछ ।

ङ) वार्षिक स्वीकृत कार्यक्रम अनुसार अजिरकोट गाउँपालिकाको घाँसको नर्सरी स्थापना कार्यक्रम छनोट समितिको निर्णय अनुसार प्रति फर्म/समुह/कृषक/नर्सरी कार्ययोजना अनुसार अनुदान दिनेछ र कृषकले कम्तिमा ५०% बराबरको रकम साझेदारी /जनश्रमदान गर्नुपर्नेछ । अनुदान रकममा नियमानुसार कर कट्टी गरिनेछ ।

### ८. अनुदान रकम र भुक्तानी प्रक्रियाः

क) कार्यक्रम संचालनको लागि छनौटमा परेका लाभग्राहीलाई पेश्की रकम उपलब्ध गराइने छैन र अन्य आवश्यक श्रोत/साधन आवेदक आफैले व्यवस्थापन गरि कार्यक्रम संचालन गर्नुपर्नेछ ।

ख) कार्यसम्पन्न भएपश्चात तपशिलका कागजातहरु गाउँकार्यपालिकाको कार्यालयमा पेश गरे पछि नियमानुसार अनुदान रकम एकमुष्ठ भुक्तानी गरिने छ ।

<u>तपशिल</u>

क) वडा कार्यालयको आन्तिम भुक्तानीका लागि सिफारिसको सक्कल प्रति

ख) वडा स्तरिय अनुगमन प्रतिबेदनको सक्कल प्रति

ग) आवश्यक बिल भरपाई

घ) अनुदान कार्यक्रम संचालन भएको स्थान को फोटो ३ प्रति

ङ) समूह वा संस्थाको हकमा कार्यसमितिको बैठकले कार्यसम्पन्न भएको निर्णयको प्रतिलिपि

च) कार्यसम्पन्न भएको प्राविधिक प्रतिवेदन

छ) भुक्तानीको लागि निबेदन

**९. अनुगमनः**

१) संचालित कार्यक्रमको गाउँपालिका, वडा कार्यालय तथा पशु सेवा शाखाले अनुगमन तथा मुल्यांकन गर्न सक्नेछ ।

**१०. भुक्तानी दिन बाध्य नहुने** :

१) सम्झौता बमोजिम कार्य सम्पन्न नगरेमा गाउँपालिकाले त्यस्ता अनुदानग्राहीलाई भुक्तानी दिन बाध्य हुने छैन ।

२) सम्झौतामा उल्लिखित अवधि भित्रमा कार्यसम्पन्न गरि भुक्तानी लिन नआएमा भुक्तानी दिन बाध्य हुने छैन ।

## परिच्छेद ६
## विविध

११. **प्रचलित कानुन बमोजिम हुने** : यस कार्यविधिमा लेखिएका विषयमा यसै कार्यविधि बमोजिम र नलेखिएको विषयमा प्रचलित कानुन बमोजिम हुनेछ |

१२. **वाधा अड्काउ फुकाउ** : यो कार्यविधिको कार्यन्वयनमा कुनै बाधा अड्काउ आइपरेमा छनौट समितिले बाधा अड्काउ फुकाउन सक्नेछ |

१३. **संशोधन** : यो कार्यविधि आवश्यकता अनुसार गाउँकार्यपालिकाले थपघट, हेरफेर वा संशोधन गर्न सक्नेछ |

## अनुसूची १

## सूचना

अजिरकोट गाउँपालिका पशु सेवा शाखाको स्वीकृत कार्यक्रम अनुसार घाँसको नर्सरी स्थापना कार्यक्रम प्रभावकारी ढंगले संचालन गर्न साझेदारीको अवधारणा अनुरुप महिला व्यक्ति/फार्म/समुह/संस्था/समिति/सहकारी को सहाकार्यमा अजिरकोट गाउपालिका भित्र वसोवास गरेका व्यक्ति/फार्म/समुह/संस्था/समिति/सहकारी बाट प्रस्ताव आह्वानको लागि यो सूचना प्रकाशित गरेको छ । इच्छुक व्यक्ति/फार्म/समुह/संस्था/समिति/सहकारीले यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ………… दिन भित्र तोकिएको ढांचा अनुसारको आवेदन फारम र परियोजना प्रस्ताव यस कार्यालयमा पेश गर्नु होला  व्यक्ति/फार्म/समुह/संस्था/समिति/सहकारी लाइ प्राथामिकता दिइनेछ । विस्तृत जानकारीका लागि अजिरकोट गाउपालिका पशु सेवा शाखामा सम्पर्क राखु हुन अनुरोध छ ।

**आवेदन साथ तपसिल अनुसारका कागजातहरु संलग्न गर्न समेत यसै सुचानाद्वारा सुचित गरिन्छ** ।

क) अनुसूची-२ अनुसारको आवेदन फारम ।

ख) अनुसूची-३ अनुसारको सन्क्षिप्त कार्ययोजना ।

ग) नेपालि नागरिकताको प्रमाणित प्रतिलिपि ।

घ) संस्थासंग आवद्ध सदस्यहरुले प्राप्त गरेको अन्य प्रमाण पत्रहरु (तालिम, शैक्षिक योग्यता आदि) का प्रमाणित प्रतिलिपिहरू ।

ङ) फार्म/समुह/संस्था/समिति/सहकारी सम्बन्धित निकायमा दर्ता भएको प्रमाणको प्रतिलिपि प्रस्ताव स्वीकृत भै छनौट नभएसम्म पान मा दर्ता हुन् आवस्यक नभएको ।

च) कार्यक्रमको लागि छनौट भएका व्यक्ति फार्म/समुह/संस्था/समिति/सहकारी का सदस्यहरुबाट कार्यान्वयन गर्ने प्रतिवद्दता/ निर्णयको प्रतिलिपि ।

## अनुसूची-२

## घाँसको नर्सरी व्यवस्थापन कार्यक्रम संचालनको लागि दिइने आवेदन- पत्रको फारम

मितिः........................................

श्रीमान् पशु सेवा प्रमुख ज्यु,
अजिरकोट गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
भच्चेक, गोरखा ।

**विषयः घाँसको नर्सरी स्थापना र व्यवस्थापन कार्यक्रम संचालनको लागि छनौटहुन् पाउँ भन्ने बारे ।**

त्यस कार्यलयको मिति......................को ...........................मा प्रकाशित सूचना अनुसार .................................................................... व्यक्ति/फार्म/समुह/संस्था/समिति/सहकारी को तर्फबाट घाँसको नर्सरी स्थापना कार्यक्रममा सहभागी हुने इच्छा भएकोले तपसिल अनुसारका कागजात राखी यो निवेदन पेश गरेका छु/छौ । उक्त कार्यक्रम प्राप्त भएमा यस सम्बन्धि सम्झौता तथा मापदण्डमा उल्लेख भए अनुसार कार्यक्रम संचालन गर्नेछु/गर्नेछौ र यस कार्यक्रमको लागि गरिएको सम्झौता तथा मापदण्ड विपरित गरेको पाइएमा विद्यमान कानुन बमोजिम कार्यवाहीको भागेदारी हुन् मन्जुर रहेको व्यहोरा समेत अनुरोध गर्दछौ ।

पुनाश्चः आवेदन साथ तपसिल अनुसारका कागजातहरु यसै निवेदन साथ् संलग्न राखेको व्यहोरा समेत अनुरोध गर्दछु

तपशीलः

१) अनुसूची-३ अनुसारको सन्क्षिप्त कार्ययोजना ।
२) नेपालि नागरिकताको प्रमाणित प्रतिलिपि ।
३) संस्था सम्बन्धित निकायमा दर्ता भएको प्रतिलिपि।
४) संस्थासंग आवद्ध सदस्यहरुले प्राप्त गरेको अन्य प्रमाण पत्रहरु (तालिम, शैक्षिक योग्यता आदि) का प्रमाणित प्रतिलिपिहरू ।
५) संस्थाको तर्फबाट कार्यक्रम संचालन सम्बन्धि भएको निर्णयको प्रतिलिपि ।
६) संस्थाका सदस्यबाट कार्यन्वयन गर्ने प्रतिवद्दताको निर्णय प्रतिलि ।

निवेदकको
दस्तखत :
नाम,थर :
ठेगाना :
सम्पर्क नम्बर र छाप

## अनुसूची-३

**घाँसको नर्सरी स्थापना र व्यवस्थापन कार्यक्रम संचालनको लागि सन्क्षिप्त कार्ययोजना**

संस्था/ व्यक्तिको नामः........................................................... संस्था/ व्यक्तिको टेलिफोन नम्बरः.........................संस्थाको ठेगानाः जिल्लाः गोरखा अजिरकोट गाउँपालिका वडा नं...........गाउँ/टोलको नामः...................................संस्था दर्ताको [प्रमाण पत्र नं. र संस्था दर्ता गर्ने कार्यलयको नाम ठेगानाः...............................................

संस्था/ व्यक्तिले गरेका हाल सम्म का उल्लेखनीय कामहरुः

................................................ ................................................

................................................ ................................................

................................................ ................................................

खाता संचालन गरिने बैंकको नाम र खातावालाहरुको नामः ....................... ................................................ ................................................

कार्य योजनाको प्रस्तावनाः ....................................................................

उद्धेश्यहरुः

क) ................................................ ................................................

ख) ................................................ ................................................

रकमको आवस्यकता :

| पुँजीगत तर्फ गरिने क्रियाकलापहरु | | | चालु तर्फ गरिने क्रियाकलापहरु | | |
|---|---|---|---|---|---|
| के गर्ने | कुन महिनामा गर्ने | कति रकम चाहिन्छ | के गर्ने | कुन महिनामा गर्ने | कति रकम चाहिन्छ |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

## अनुसूची-४

## सम्झौता पत्रको नमुना

अजिरकोट गाउँपालिका गाउँकार्यपालिकाको कार्यलय, र अजिरकोट गाउँपालिका पशु सेवा शाखा द्वारा संचालन गरिने घाँसको नर्सरी स्थापना कार्यक्रमको उद्देश्य अनुरुपको उपलब्धि हासिल गर्न अजिरकोट गाउँपालिका पशु सेवा शाखा (यस पछिको पहिलो पक्ष भनिने) र .......................................................................... व्यक्ति/फार्म/समुह/संस्था/समिति/सहकारी (त्यस पछिको दोर्शो पक्ष भनिने) बीच तपसिलमा उल्लेखित शर्तहरुको अधिनमा रही घाँसको नर्सरी स्थापना कार्यक्रम संचालन गर्न द्विपक्षीय सम्झौता सम्पन्न भयो ।

१. नर्सरीमा उन्नत तथा नेपाल सरकारले सिफारिस गरेका जातका घाँसका विउ/वेर्ना/सेट्स हुनु पर्दछ ।

२. विरुवा अनिवार्य रुपमा प्लास्टिक टनेल भित्र तयार गर्नु पर्दछ ।

३. अजिरकोट गाउँपालिकाले निर्धारण गरेको दर रेटमा विउ/वेर्ना/सेट्स उपलब्ध गराउनु पर्दछ ।

४. कम्तिमा अजिरकोट गाउँपालिका पशु सेवा शाखालाइ आवस्यकता अनुसारको बिरुवा उत्पादन गर्नु पर्दछर गाउँपालिका लाइ आवस्यक भन्दा बढी बिरुवा माटा बाहिर बिक्रि गर्न पाइनेछ ।

५. पहिलो पक्षले संचालित कार्यक्रमको प्रगति सन्तोषजनक नपाएमा तोकिएको अवधिसम्म कार्यक्रमलाई निरन्तरता दिन बाध्य हुने छैन ।

६. पहिलो पक्षको कार्यक्रम अवधि समाप्त भएपछी पनि दोर्शो पक्षले कार्यक्रम निरन्तरता दिनुपर्ने छ ।

७. दोर्शो पक्षले यस कार्यक्रमको लागि गरिएको सम्झौता तथा मापदण्ड विपरित गरेको पाइएमा विद्दमान कानुन बमोजिम कार्यवाहीको भागेदारी हुनु पर्नेछ ।

| **प्रथम पक्ष** | **दोर्शो पक्ष** |
|---|---|
| अजिरकोट गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत | व्यक्ति/फार्म/समुह/संस्था/समिति/सहकारीको अध्यक्षः |
| नामः | नामः |
| पदः | ठेगाना |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |
| कार्यलयको छापः | औठा छापः |
| रोहबरः | रोहबरः |

# अनुसूची-५

**मुल्यांकन**

| क्र.स. | द.न. | आवेदक संस्थाको नाम | ठेगाना | कार्य योजना (५०) | | | व्यवसाय को सम्भाव्यता/ उपयुक्तता (२५) | अनुभव/ तालिम (२५) | कुल प्राप्तांक |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | घाँसको विरुवाको जात र टनेल संख्या (२०) | घाँसको विरुवा उत्पादन गर्ने क्षेत्रफल (२०) | घाँस उत्पादन गर्नका लागि अन्य आवश्यक व्यवस्थापन (१०) | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

अजिरकोट गाउँ कार्यपालिकाबाट मिति २०८० माघ २८ गते स्वीकृत भएको यस अनुसारको अजिरकोट गाउँपालिकाको घाँसको नर्सरी संचालन र स्थापना कार्यविधि, २०८० अजिरकोट गाउँ कार्यपालिकाको निर्णय वा आदेश र अधिकार पत्रको प्रमाणिकरण (कार्यविधि) नियमावली २०७४ को नियम ४ (१) बमोजिम प्रमाणिकरण गर्दछु ।

नवराज अवस्थी
प्रमुख प्रशासकीय अधिकृत

मिति २०८०।१०।२९